निर्णयहरू:-

१. नेपाल सरकारको मिति २०७६-०१-२४ को निर्णय बमोजिम लकडाउनको समयमा सञ्चालन हुने क्रियाकलापहरूमा प्रयोग हुने सवारी साधनको आवागमनलाई व्यवस्थित तुल्याउन देहाय बमोजिम गर्ने, गराउने ।

   क. अति आवश्यक सेवा प्रदान गर्ने सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरू, बैंक तथा वित्तीय संस्था, बीमा, धितोपत्र, सहकारीमा कार्यरत कर्मचारीहरू विहान ९:०० देखि १०:०० बजेभित्र कार्यालय पुगी सक्नुपर्ने र बेलुकी ६:०० बजेसम्म आ-आफ्नो घर/आवासस्थल/गन्तव्यस्थलमा फर्किसक्नुपर्ने ।

   ख. उद्योगमा कार्यरत कर्मचारी तथा श्रमिकहरू विहान ९:०० बजेभित्र र बेलुकी ५:३० देखि ६:३० बजेभित्र आवतजावत गर्ने ।

   ग. ढुङ्गा, गिट्टी, बालुवा लगायतका निर्माण सामग्री ढुवानी गर्ने सवारी साधनहरू दिनको ११:०० देखि ४:०० बजेसम्म मात्र सञ्चालन गर्ने ।

२. उद्योग तथा आयोजना सञ्चालनका लागि अति आवश्यक जनशक्ति अन्य जिल्लाबाट यस मकवानपुर जिल्लामा ल्याउनुपर्ने अवस्था भएमा औद्योगिक उत्पादन तथा आयोजना सञ्चालन सम्बन्धी अनुगमन गर्न गठित समितको सिफारिसमा जिल्लाभित्र ल्याई सम्बन्धित उद्योग तथा आयोजनाले अनिवार्यरूपमा क्वारेन्टिनमा राखे व्यवस्था मिलाउने ।

३. देहायका सेवाहरू सञ्चालनको सम्बन्धमा समयको बन्देज हटाइएको ।

   १) सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरू, अस्पताल, नर्सिङ्ग होम, पोलिक्लिनिक, ल्याब, डाइग्नोष्टिक सेन्टरहरूको सञ्चालन ।

   २) औषधी तथा स्वास्थ्य सामग्री र मेडिकल अक्सिजनको उत्पादन तथा विक्री वितरण।

   ३) औषधी पसलहरू (आयुर्वेद, होमियोप्याथिक समेत) को सञ्चालन ।

   ४) एग्रोभेट र भेटेरिनरी औषधी पसलहरूको सञ्चालन ।

   ५) मलखाध विक्रीवितरण ।

४. जिल्लाभित्रका बैंकहरू विहान १०:०० देखि दिनको ३:०० बजेसम्म खोली सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

२०७७।१।३०

...क राज नेपाल

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, मकवानपुर

२०७७-०१-३०

भारत र तेस्रो मुलुकबाट चैत्र १ गते पश्चात् मकवानपुर जिल्लामा आएका व्यक्तिहरूको विवरण र जिल्लाको एम्बुलेन्सको अवस्था

| क्र.सं. | स्थानीय तह | हालसम्म विदेशबाट आएकाहरूको संख्या | स्वास्थ्य परीक्षण गरिएको संख्या | स्वास्थ्य अवस्था | RDT (Rapid Diagnosis Test) संख्या २०७७-०१-३० | हाल सम्म RDT गरिएको जम्मा संख्या | RDT को नतिजा | क्वारेन्टाइनमा | | Isolation मा रहेका संख्या | ICU मा रहेका संख्या | एम्बुलेन्सको संख्या | पार्टिसन गरेको एम्बुलेन्सको संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संस्थागत | होम | | | | |
| १ | हेटौडा उ.म.न.पा. | २५० | २५० | सामान्य | ६ | ३९४ | ४ पोजेटिभ | ० | २५० | १२ | ० | १२ | १० |
| २ | थाहा न.पा. | ७९ | ७९ | सामान्य | ५ | ६१ | सबै निगेटिभ | ० | ७९ | | | ५ | ४ |
| ३ | कैलाश गा.पा. | २० | २० | सामान्य | ० | ३९ | सबै निगेटिभ | ० | २० | | | १ | २ |
| ४ | ईन्द्रसरोवर गा.पा. | १६ | १६ | समान्य | ० | १५ | सबै निगेटिभ | ० | १६ | | | १ | ० |
| ५ | भिमफेदी गा.पा. | ३३ | ३३ | सामान्य | २ | ५७ | १ पोजेटिभ | ० | ३३ | | | १ | ० |
| ६ | मनहरी गा.पा. | ६९ | ६९ | सामान्य | ० | ५२ | सबै निगेटिभ | ० | ६९ | | | ४ | १ |
| ७ | राक्सीराङ गा.पा. | ९ | ९ | सामान्य | ० | ९ | सबै निगेटिभ | ० | ९ | | | १ | १ |
| ८ | मकवानपुरगढी गा.पा. | २५ | २५ | सामान्य | ० | २५ | सबै निगेटिभ | ० | २५ | | | २ | ० |
| ९ | बकैया गा.पा. | १७ | १७ | सामान्य | ० | २५ | सबै निगेटिभ | ० | १७ | | | २ | २ |
| १० | बागमती गा.पा. | ३१ | ३१ | सामान्य | ० | ३८ | सबै निगेटिभ | ० | ३१ | | | ३ | ३ |
| जम्मा | | ५४९ | ५४९ | | १३ | ७१५ | | ० | ५४९ | १२ | ० | ३२ | २३ |

नोटः- हेटौंडा उप-महानगरपालिका र भिमफेदी गाउँपालिकामा RDT परीक्षणबाट पोजेटिभ आउनेहरूको PCR परीक्षणबाट नेगेटिभ आएको ।

२०७७/१/३०

क राज नेपाल

प्रमुख जिल्ला अधिकारी